बैठक संख्याः ४५ मितिः २०८१।११।१८ समयः विहान ९:०० बजे

आज मिति २०८१।११।१८ गते गुराँस गाउँपालिका दैलेखको ४५औ कार्यपालिका बैठक गाउँपालिकाका अध्यक्ष श्री टोप बहादुर वि.सी. ज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा बसी देहायका प्रस्तावहरुमाथि निर्णय गरी पारीत गरीयो ।

तपसिलः

| | |
|---|---|
| श्री टोप बहादुर वि.सी. | - गाउँपालिपालिका अध्यक्ष |
| श्री शिवा कुमारी खड्का | - गाउँपालिपालिका उपाध्यक्ष |
| श्री धर्म बहादुर रावल | - वडा अध्यक्ष वडा न. १ |
| श्री शेर बहादुर रावल | - वडा अध्यक्ष वडा न. २ |
| श्री काशीराम शर्मा | - वडा अध्यक्ष वडा न. ३ |
| श्री खड्क बहादुर शाही | - वडा अध्यक्ष वडा न. ४ |
| श्री भुपेन्द्र बहादुर चन्द | - वडा अध्यक्ष वडा न. ५ |
| श्री चन्द्र बहादुर राना | - वडा अध्यक्ष वडा न. ६ |
| श्री नन्द बहादुर वि.सी. | - वडा अध्यक्ष वडा न. ७ |
| श्री दिपेन्द्र वली | - वडा अध्यक्ष वडा न. ८ |
| श्री अमृता कुमारी वि.सी. | - कार्यपालिका सदस्य |
| श्री विर्मा वि.क. | - कार्यपालिका सदस्य |
| श्री पम्फि वि.क. | - कार्यपालिका सदस्य |
| श्री भुमीसरा वली | - कार्यपालिका सदस्य |
| श्री कुलविर वि.क. | - कार्यपालिका सदस्य |
| श्री सम्झना कुमारी वुढा | - कार्यपालिका सदस्य |
| श्री दिल बहादुर पौडेल | - प्रमुख प्रशासकिय अधिकृत (सचिव) |

सहायक कर्मचारी

श्री खेमराज उपाध्याय सहायक पाँचौं

प्रस्तावहरुः

१. अघिल्लो बैठकको समिक्षा

२. गाउँपालिको आठौं स्थापना दिवस मनाउने सम्बन्धमा ।

३. प्रदेश योजना आयोगमा विशेष र समपुरक योजना छनौट गरि पठाउने ।

४. एक घर एक धारा कार्यक्रम योजना छनौट गर्ने सम्बन्धमा ।

५. गुराँस बहुमुखि क्याम्पस संचालन तथा व्यवस्थापन सम्बन्धमा ।

६. एस.ई.ई.को परिक्षा संचालन र व्यवस्थापन सम्बन्धमा ।

७. शिक्षा समितिका निर्णहरु अनुमोदन सम्बन्धमा ।

८. ठेक्का म्याद थप सम्बर्न्धमा ।

९. अध्ययनमा गएका कर्मचारीहरुको अध्ययन बिदा स्विकृत गर्ने सम्बन्धमा ।

१०.धरमपोखरा आधारभुत स्वा.चौकीका लागि खरिद भएको एम्बुलेन्सको रकम भुक्तानी सम्बन्धमा ।

११. नदीजन्य पदार्थको थप प्रक्रिया अगाडि बढाउने ।

१२. प्रदेश स्तरिय सशर्तका योजनाहरुको संशोधन सम्बन्धमा ।

१३. नेपाल सरकार संघीय तर्फको विशेष योजनाहरुको छनौट सम्बन्धमा ।

१४. निमार्ण व्यावसायिहरुको आ.व. २०८०।०८१ स्टटी भएको मुल्य अभिवृद्धि र अग्रीम आयकर दाखिला सम्बन्धमा ।

१५. ११५औं अन्तराष्ट्रिय श्रमीक महिला दिवश मनाउने सम्बन्धमा ।

१६. आवश्यक कर्मचारीहरुको विज्ञपन र तलब भत्ता मिलान र व्यवस्थापन सम्बन्धमा ।

१७. दैलेख जिल्लाको जिल्ला स्तरीय गुरुयोजनामा पालिकास्तरीय योजना छनौट सम्बन्धमा ।

१८. अधुरा योजनाहरुको कानुनि कारवाहि प्रक्रिया अगाडी बढाउने सम्बन्धमा ।

१९. गुराँस गाउँपालिका विद्यालयहरुमा अधुरा अपुरा योजना पुरा गर्ने सम्बन्धमा ।

२०. LISP को योजना शशोधन सम्बन्धमा ।

२१. विविध

क) विभिन्न कार्यक्रमको रकम भुक्तानी सम्बन्धमा ।

ख) वडा नं.५ को वडा कार्यालय भवनको तला थप सम्बन्धमा ।

ग) गुराँस आ.वि.को विद्यालय भवन उदघाटन सम्बन्धमा ।

घ) पशु तथा कृषि फर्महलाई वितरीत साझेदारी रकम र फर्महरुको सम्बन्धमा ।

ङ) कार्यपालिका सदस्य श्री खड्क बहादुर शाहीज्युले राखेका १५बुदे प्रस्ताव तथा सुझाव सम्बन्धमा ।

च) बिदा स्वीकृत नगरी कार्यालय छोड्ने कर्मचारीहरुको सम्बन्धमा ।

छ) सूचना केन्द्र तथा सामुदायिक सिकाइ केन्द्र संचालनको श्रोत सम्बन्धमा ।

दिल बहादुर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

टोप बहादुर बि.सी.
अध्यक्ष

ज) सामुदायिक विद्युत विस्तार सम्बन्धमा ।

झ) पशुपंक्षि विकास शाखा र कृषि विकास शाखाको सेवा केन्द्र विस्तार सम्बन्धमा ।

ञ) स्थानिय पूर्वाधार विकास कार्यक्रम संचालन सम्बन्धमा ।

निर्णयहरु :

निर्णय नं. १:

प्रस्ताव नं १ माथि छलफल गर्दा गुराँस गाउँपालिकाको ४४औं बैठकले गरेका निर्णयहरु कार्यान्वयन सम्बन्धमा समिक्षा गर्दा उक्त बैठकमा भएका ११ वटा निर्णहरु मध्ये वटा ७ वटा निर्णयहरु पुर्ण कार्यान्वयन भएको र बाँकी कार्यान्वयनको क्रममा रहेका तथा कार्यान्वयन नभएका ४ वटा निर्णयहरु फागुन मसान्त सम्म पूर्ण र प्रभावकारी रुपमा कार्यान्वयन गर्न निर्देशन दिने निर्णय गरीयो ।

निर्णय नं. २:

प्रस्ताव न.. २ माथि छलफल गर्दा गुराँस गउपालिकाको ८ औ पालिका स्थापना दिवश २०८१, दुई दिवसीय रुपमा मनाउन फागुन २६ गते **कृषि तथा पर्यटन क्षेत्रमा लगानी सम्बन्धी सार्वजनिक बहस कार्यक्रम** र फागुन २७ गते कर्णाली प्रदेशका मुख्य मन्त्री माननिय यमलाल कडेल ज्यूको प्रमुख आतिथ्यतामा सभाको कार्यक्रम गरी पालिका स्थापना दिवश मनाउन तपसिलका पदाधिकारी तथा सदस्यहरु रहनेगरी मुल समिति गठन गर्ने र सोहि मुल समितिको मातहतमा सबै कार्यक्रम संचालन हुने गरी उपसमितिहरु क्रमसः कृषिमा लगानी सम्बन्धी प्रस्ताव तयारी उपसमिति, गाउँपालिकाको समग्र आर्थिक भौतिक प्रतिवेदन तयारी उपसमिति र सम्मान तथा पुरस्कार वितरण सिफारीस उपसमितिमा तपसिलका पदाधिकारी र कर्मचारी रहने गरी जिम्मेवारी दिने साथै तपसिलका विधा लगाएत गाउँपालिकाको समग्र विकासमा टेवा पुर्‍याउने विधा देखिएमा सो समेतलाई समेटेर सम्मान तथा पुरस्कार समेत वितरण निर्णय गरीयो ।

टोप बहादुर बि.सी.
अध्यक्ष

दिल बहादुर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

क) कार्यक्रम संचालन मुल समिति

तपसिल

| | |
|---|---|
| संयोजक श्री टोप बहादुर वि.सी | गुरांस गाउँपालिका अध्यक्ष |
| सदस्य श्री शिवाकसमारी खड्का | गुरांस गाउँपालिका उपाध्यक्ष |
| सदस्य श्री दिल बहादुर पौडेल | प्रमुख प्रशासकिय अधिकृत |
| सदस्य श्री धर्म बहादुर रावल | - वडा अध्यक्ष वडा नं. १ |
| सदस्य श्री शेर बहादुर रावल | - वडा अध्यक्ष वडा नं. २ |
| सदस्य श्री काशीराम शर्मा | - वडा अध्यक्ष वडा नं. ३ |
| सदस्य श्री खड्क बहादुर शाही | - वडा अध्यक्ष वडा नं. ४ |
| सदस्य श्री भुपेन्द्र बहादुर चन्द | - वडा अध्यक्ष वडा नं. ५ |
| सदस्य श्री चन्द्र बहादुर राना | - वडा अध्यक्ष वडा नं. ६ |
| सदस्य श्री नन्द बहादुर वि.सी. | - वडा अध्यक्ष वडा नं. ७ |
| सदस्य श्री दिपेन्द्र वली | - वडा अध्यक्ष वडा नं. ८ |

ख) कृषिमा लगानी सम्बन्धी प्रस्ताव तयार उपसमिति

तपसिल

| | |
|---|---|
| संयोजक श्री काशीराम शर्मा | - वडा अध्यक्ष वडा नं. ३ |
| सदस्य श्री खड्क बहादुर शाही | - वडा अध्यक्ष वडा नं. ४ |
| सदस्य श्री भुपेन्द्र बहादुर चन्द | - वडा अध्यक्ष वडा नं. ५ |
| सदस्य श्री चन्द्र बहादुर राना | - वडा अध्यक्ष वडा नं. ६ |
| सदस्य श्री निर्मल भुषाल | - कृषि शाखा प्रमुख |

टोप बहादुर वि.सी.
अध्यक्ष

दिल बहादुर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

**ग) आर्थिक भौतिक प्रगती प्रतिवेदन तयारी उपसमिति**

तपसिल

संयोजक श्री दिपेन्द्र बली - वडा अध्यक्ष वडा नं. ८

सदस्य श्री धर्म बहादुर रावल - वडा अध्यक्ष वडा नं. १

सदस्य श्री शेर बहादुर रावल - वडा अध्यक्ष वडा नं. २

सदस्य श्री नन्द बहादुर वि.सी. - वडा अध्यक्ष वडा नं. ७

सदस्य श्री जेठ बहादुर बुढा लेखा अधिकृत

**घ) सम्मान तथा पुरस्कार सिफारीस उपसमिति**

तपसिल

संयोजक श्री दिल बहादुर पौडेल - प्रमुख प्रशासकिय अधिकृत

सदस्य श्री नमिता कुमारी शर्मा - प्रशासन शाखा प्रमुख

सदस्य श्री भुपेन्द्र भण्डारी - शिक्षा शाखा प्रमुख

सदस्य श्री श्री निर्मल भुषाल - कृषि शाखा प्रमुख

आमन्त्रीत सदस्य श्री चन्द्र बहादुर रोना - वडा नं. ६ अध्यक्ष

**सम्मानका विधाहरु**

| क.स. | स्थापना दिवसका विधाहरु | कैफियत |
|---|---|---|
| १ | उत्कृष्ट विद्यालय | |
| २ | उत्कृष्ट शिक्षक | |
| ३ | उत्कृष्ट विद्यार्थी छात्र/छात्रा | |
| ४ | उत्कृष्ट कर्मचारी | |
| ५ | उत्कृष्ट निर्माण उपभोक्ता समिति | |
| ६ | उत्कृष्ट वडा सचिव | |
| ७ | उत्कृष्ट वन समिति | |
| ८ | संचार माध्यम | गुरांस प्रचारमा सहयोग गर्ने |
| ९ | साभेदार संस्थाहरु सबै | |
| १० | उत्कृष्ट कृषक | |
| ११ | उत्कृष्ट कृषक समूह | |

दिल बहादुर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

टोप बहादुर बि.सी.
अध्यक्ष

| | | |
|---|---|---|
| १२ | सबैभन्दा धेरै कर तिर्ने करदाता | सबैभन्दा धेरै र नियमित कर तिर्ने |
| १३ | वडा कार्यालय | कार्य सम्पादनमा उत्कृष्ट |
| १४ | निर्माण व्यावसायी | |

साथै उक्त कार्यक्रममा पूर्व जनप्रतिनिधिज्यू, गाउँसभा सदस्यज्यूहरु, जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय, उद्योग वाणिज्य संघ, उपभोक्ता हित संरक्षण कार्यालय, साझेदार संघ संस्था पत्रकार लागाएत सम्बद्ध कृषक समूह र विद्यालयलाई आमन्त्रण गर्ने निर्णय गरीयो ।

निर्णय नं. ३

प्रस्ताव नं ३ माथि छलफल गर्दा गुराँस गाउँपालिकामा आगामी आर्थिक वर्ष २०८२।०८३ का लागि संचानल हुने गरी तपसिलका वडा तथा पालिका स्तरका प्रथामिकतामा रहेका योजनाहरु देहायका स्थानमा संचालन हुनेगरी विशेष अनुदान योजनामा समावेश हुने गरी कर्णाली प्रदेश योजना आयोगमा सिफारीस गरी पठाउने निर्णय गरीयो ।

तपसिल

| क्र.स. | वडा | योजनाको नाम | टोल | रकम | घरधुरी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | वडा न १ र २ | खानेपानी तथा सरसफाई योजना | माथिल्लो सेप्टी र तल्लो डुङ्गेश्वर | ६० लाख | १३० घर | दलित, विपन्न तथा पिछडीयको समुदाय |
| २ | वडा नं. ५ | आर्युवेद अस्पताल तथा अनुसन्धान केन्द्र संचलान | रानिमत्ता गुराँस ५ | ५० लाख | | जडीबुटी प्रशोधन तथा शिप विकास कार्यक्रम समेत |

गुराँस गाउँपालिकामा आगामी आर्थिक वर्ष २०८२।०८३का लागि संचानल हुने गरी तपसिलका वडा तथा पालिका तर्फका प्रथामिकतामा रहेका तपसिलका योजनाहरु प्रदेश समपुरक योजनामा समावेश गरी कार्यान्वयन गर्न कर्णाली प्रदेश योजना आयोगमा माग सिफारीस गरी पठाउने निर्णय गरीयो ।

दिल बहादुर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

दीप बहादुर के.सी.
अध्यक्ष

तपसिल

| क्र.स. | वडा | योजनाको नाम | टोल | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | वडा नं. ४ | कृषि उपज संकलन वितरण केन्द्र निर्माण | गुराँसे बजार गुराँस ४ | १ करोड लाख | |
| २ | वडा नं. ३ | गुराँस बहुमुखी क्याम्पस भवन निर्माण | गुराँस ३ | १ करोड लाख | |

**निर्णय नं. ४:**

प्रस्ताव नं ४ माथि छलफल गर्दा गुराँस गाउँपालिका र हेल्भेटास नेपाल विच एक घर एक धारा कार्यक्रम अन्तरर्गत खानेपानि निर्माणका लागि संझौता भई अधिल्लो बैठकमा कार्यसंचालनका गर्न वडा छनौट भैसकेकाले छनौट भएका वडाहरुका देहायका विवरणका टोलहरुमा तत्कालै धारा निर्माण कार्य गर्ने निर्णय गरीयो ।

तपसिल

| क्र.स. | वडा | टोलको नाम | घरधुरी संख्या |
|---|---|---|---|
| १ | वडा नं ८ | ठाटी काफलमेला खानेपानी | ५५ घर |
| २ | वडा नं ८ | पाल्ले पोखरा चौर खानेपानी | ६५ घर |
| ३ | वडा नं ७ | छउडेकाँडा भुज टोल | ७० घर |
| ४ | वडा नं ७ | दमाहा पहरा तिदुको रुखमुनि खानेपानी योजना | |
| ५ | वडा नं ६ | सिर्पुगैरा पिलाडी | ८० घर |
| ६ | वडा नं ५ | वडाकाँडा श्रीरीचउर टोल | ६० घर |
| ७ | वडा नं ५ | गोनपानी टोल | ७५ घर |
| ८ | वडा ३ | पेटारी टोल | ५९ घर |
| ९ | वडा ३ | दमार टोल | ४९ घर |

उल्लेखित योजना संचालनका लागि स्थलगत रुपमा धारा स्थापना गर्न नापजाँच गर्दा निरन्तर बसोवास हुदै आएको घरलाई मात्र धारा उपलब्ध गराउने गरी धारा संख्या (सर्वे) एकिन गरेर मात्र निर्माण कार्य अगाडी बढाउने निर्णय गरीयो ।

दिल बहादुर [illegible]
प्रमुख प्रशासकीय अधिकृत

टेक बहादुर बि.सी.
अध्यक्ष

निर्णय नं ५:

प्रस्ताव नं ५ माथि छलफल गर्दा गुराँस गाउपालिका वडा नं. ३ मा गुराँस बहुमुखी क्याम्पस संचालन गर्ने गाउँपालिकाको निति अनुरुप गुराँस बहुमुखी क्याम्पस संचालनका लागि संचालन अधिकार (सम्बन्धन) प्राप्त गर्न अभिछिन्न रुपमा गाउपालिका र विद्यालयको तर्फवाट खटिने समग्र गाउँपालिका परिवार जनप्रतिनिधिज्यरुहरु, पूर्वाधार विकास समिति, विद्यालय परिवार, राजिनितिक दलहरु, समाजसेवि, र गुराँस गाउँपलिकाका प्रमुख प्रशासकिय अधिकृत लगाएत सम्बद्द कर्मचरीहरु र हामीलाई क्याम्पस संचलानका लागि अधिकार प्रत्यायोजन गर्ने पूर्वाञ्चल विश्वविद्यालयलाई गुराँस गाउँपालिकाको तर्फवाट हार्दिक आभार सहित धन्यवाद प्रदान गर्ने निर्णय गरीयो साथै क्याम्पस संचालनका लागि श्रोत पहिचानका विभिन्न विकल्पहरु मध्ये उपयुक्त विकल्प सहितको श्रोत र क्याम्पस संचालनको लागि विधान, कार्यविधि र कार्ययोजना निर्माण गरी तत्काल कार्य संचालन गर्नका लागि सरोकारवाला विच समन्वय गरी प्रारम्भीक कार्यसंचालन खाका बनाई ३ दिन भित्र पेश गर्न सरोकारवालाहरु विचि समन्वय गरी गुराँस गाउँपालिका वडा नं. ३ का वडा अध्यक्ष श्री काशिराम शर्माज्यूलाई जिम्मेवारी दिने र यथाशिघ्र क्याम्पस संचालन तथा भर्ना प्रक्रियाको शुरुवाद औपचारीक कार्यक्रम गरी गर्ने निर्णय गरीयो ।

निर्णय नं. ६:

प्रस्ताव नं. ६ माथि छलफल गर्दा गुराँस गाउँपालिकामा यस शैक्षिक सत्रमा संचालन हुने एस ई ई को परीक्षामा संचालनका लागि यस पूर्व संचालित २ वटा परीक्षा केन्द्रमा १ वटा केन्द्र थप भएको हुदा यस कार्यमा सहयोग गर्ने सम्बद्ध सवैलाइ धन्यवाद दिने निर्णय गरीयो साथै एस ई ई परीक्षाको क्रममा गाउँपालिका भन्दा वाहिरका पालिकाका परीक्षा केन्द्रमा गइ परीक्षा दिने अवस्थाको अन्त्य भएकाले गुराँस वासी सवै शिक्षक अभिभावक लगाएत विद्यार्थिहरुलाइ बधाइ तथा धन्यवाद दिने निर्णय गरीयो । यस उप्रान्त थप भएको परीक्षा केन्द्र छनौट तथा व्यवस्थापनका सम्बन्धमा भएको केहि दुविधा सामाधान गर्न पालिकावाट हुने सहयोग शिक्षा समितिवाट निर्णय गरी अनुमोदनका लागि पेश भएको निर्णय अनुसार गर्न गुराँस गाउँपालिकाको तर्फवाट समन्वयात्मक रुपमा परीक्षा संचालनमा सहयोग हुने गरी गाँउपालिकाको संयुक्तटिम वाट अनुगमन गरेपछी मात्र आवश्यकीय क्षेत्रमा सहयोगको व्यवस्थापन गरी परीक्षा संचालन गर्ने, साथै उक्त गुराँस गाउँपालिका गाउँ कार्यपालिकाको निर्णय अनुसार परीक्षा केन्द्र तोकिएको विषयमा के कति कारणले यस्तो भएको हो भन्ने सम्बन्धमा सम्बन्धित कार्यालयलाई पत्राचार गर्ने निर्णय गरीयो यसैगरी ३ वटा परीक्षा केन्द्रको परीक्षा सचालन तथा व्यवस्थापनमा सहयोग गर्ने सम्बन्धीत विद्यालय क्षेत्रका वडा अध्यक्षज्यूको नेतृत्व र अन्य वडाका अध्यक्षज्यूहरुको सहभागितामा मर्यादित ढंगवाट परीक्ष संचालन गर्न परीक्षा व्यवस्थापन समिति र शिक्षा शाखालाई जिम्मा दिने निर्णय गरीयो ।

दिल बहादुर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ७ :**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा गुर्‍याँस गाउँपालिकाको गाउँ शिक्षा समितिको मिति २०८१ फागुन १८ गतेको बैठकवाट भएका निर्णयहरु गुर्‍याँस गाउँकार्यपालिका वाट अनुमोदन गरी कार्यान्वयन गर्ने प्रयोजनका लागि पेश भएकाले सवै निर्णयहरु अनुमोदन गर्ने र प्रभावकारी कार्यान्वय गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ८ :**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा गुर्‍याँस गाउँपालिकाको विभिन्न मितिमा खुलेको ठेक्का प्रक्रियामा सहभागि भई निर्माण कार्य गरी विभिन्न कारणले तोकिएको समयमा कार्य सम्पन्न गर्न नसकेका ठेक्काहरुको म्याद थपका सम्बन्धमा तोकिएको समयमा निर्माण कार्य सम्पन्न हुन नसक्नुको कारण माग गरी उपयक्त कारण पेश भए प्राविधिक शांखाको कारण सहितको लिखित सिफारीसका आधारमा मात्र बजेट सुनिश्चित भएका ठेक्काको म्याद थप गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ९:**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा गुर्‍याँस गाउँपालिकाको स्वास्थ्य क्षेत्रका कर्मचारीहरुको अध्ययन विदा मागका सम्बन्धमा अध्ययन विदा पूर्व स्वीकृति लिदा गुर्‍याँस गाउँकार्यपालिका र जनप्रतिनिधिहरु संग कुनै समन्वय नगरेको र स्वास्थ्य जस्तो सम्वेदनशिल क्षेत्रको सेवा प्रवाहमा प्रत्यक्ष असर पर्ने भएकाले यस पालिकावाट अध्ययन विदा स्वीकृत गर्न नसकिने हुदा उक्त अध्ययन विदामा जाने कर्मचारीहरुको अध्ययन विदा स्वीकृतिका सम्बन्धमा दरवन्दी सहित अन्यत्र सारी अध्ययन विदामा जान चाहेमा सहमति प्रदान गर्ने र सो व्ययवस्थापन गरीदिन मुख्यमन्त्री तथा मन्त्रीपरीषदको कार्यालय सुर्खेतलाई अनुरोध गर्ने निर्णय गरीयो साथै यस पूर्व अध्ययन विदामा गएकी अनु गरुङको तलव भुक्तानी गर्दा प्रत्येक ३ महिनाको अध्ययन प्रतिवेदन पेश गरेपछी मात्र तलव भुक्तानी दिने व्यवस्था भएता पनि हाल सम्म प्रतिवेदन पेश नभएकाले अव उप्रान्त प्रतिवेदन प्राप्त भएपछी मात्र तलव भुक्तानी दिने र यस पूर्व भुक्तानी भएको स्थानिय भत्ता र तलव वापतको रकम कट्टी गरेर मात्र वाँकी तलव वापतको रकम भुक्तानी दिन निर्देशन दिने निर्णय गरीयो ।

**निर्णय नं. १० :**

प्रस्ताव नं. १० माथि छलफल गर्दा एम्वुलेन्स खरीदको गर्न साझेदार रकम भुक्तानीका लागि माग भएकाले धरमपोखरा आधारभुत स्वास्थ्य चौकीले संचालन गर्ने गरी खरीद भएको एम्वुलेन्सको लागत सहभागिताका लागि गुर्‍याँस गाउँपालिका संग भएको संझौता अनुसारको रकम नियमानुसारका विल भर्पाई तथा कागजातका आधारमा भुक्तानी गर्ने र एम्वुलेन्सको थप एम्वुलेन्सको मापदण्डमा तोकिएका आवश्यकिय औजार (क्याविन

दिल बहादुर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

टोप बहादुर वि.सी.
अध्यक्ष

एसोसरीज) उपकरण लगाएतका सामाग्रीहरुका आवश्यक व्यवस्थापन सम्बन्धीको लागत सहितको रकम भुक्तानीको सम्वन्धमा सिलबन्दी कोटेशन माग गरी सोही अनुसार रकम भुक्तानी गरी यथाशिघ्र एम्बुलेन्स संचालन गर्न निर्देशन दिने निर्णय गरीयो ।

**निर्णय नं. ११ :**

प्रस्ताव नं.११ माथि छलफल गर्दा गुराँस गाउँपालिकाको तल्लो डुङ्गेश्वर लगाएतका स्थानहरुको नदिजन्य पदार्थ निकासीका लागि गुराँस गउँपालिकावाट ठेक्काका प्रक्रियाहरु नियमित रुपमा अवलम्वन गरी नदिजन्य पदार्थ उत्खनन गर्ने सम्बन्धीको सुचना पटक पटक प्रकाशन गरीएकोमा हाल सम्म पनि कुनैपनि आवेदन नपरेकाले पुन अन्तीम पटकका लागि आ ई ई प्रतिवेदनमा मापन गरीएको मात्राको ४५ प्रतिशत मात्र उत्खनन गर्ने एव सोही अनुपातको रकम दाखिला गर्ने गरी ७ दिने सूचना प्रकाशन गर्ने र प्राप्त निवेदनका आधारमा उत्खननको कार्य अगाडी बढाउने यदि तोकिएको ७ दिन भित्र पनि कुनै पनि आवेदन नपरेमा वडा नं. २ वडा कार्यालयको प्रतक्ष नियन्त्रण र व्यवस्थापनमा आफ्नै नियन्त्रणमा नदिजन्य पदार्थ उत्खनन विक्रि वितरण गर्ने जिम्मेवारी प्रदान गर्ने निर्णय गरीयो यस उप्रान्त वडाकै व्यवस्थापनमा नदिजन्य पदार्थको व्यवस्थापन गर्नुपर्ने अवस्था भएमा जनप्रतिनिधि, प्रहरी, स्थानिय संघ संस्था, क्लवहरु र समितिहरुसग समन्वय गरी राजश्व संकलन कार्य गर्ने, उक्त कार्यवाट संकलित राजश्व सम्बन्धीत वडाकै माग अनुसारका योजना निर्माणमा विनियोजन गर्ने निर्णय गरीयो

**निर्णय नं. १२ :**

प्रस्ताव नं. १२ माथि छलफल गर्दा गुराँस गाउँपालिकामा संचालन हुने गरी कर्णाली प्रदेश स्तरीय शशर्तका योजना छनौट गरी पठाईएकोमा हाल निम्नानुसार योजना शंशोधन गरी पठाउने निर्णय गरीयो ।

तपसिल

| क.स. | भएको | हुनुपर्ने |
|---|---|---|
| १ | वालेमुढा मोड देखि बडचडी जाने वाटो नाला सहित कालोपत्रे गुराँस ४ दैलेख | वालेमुढा मोडदेखि बडचडे जाने वाटो स्तरउन्नती गुराँस ४ दैलेख । |
| २ | ढुवानी देखि कुडापोखरा सम्म खानेपानी आयोजना गुराँस २ दैलेख । | दुवाडी एक घर एक धारा खानेपानी योजना । |

दिल बहादुर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

टोप बहादुर बि.सी.
अध्यक्ष

निर्णय नं. १३ :

प्रस्ताव नं. १३ माथि छलफल गर्दा गुराँस गाउँपालिकामा आगामी आर्थिक वर्षमा संचालन हुनेगरी नेपाल सरकार संघिय तर्फका विशेष योजनाहरु संचालनका लागि वडा स्तर तथा पालिका स्तरमा प्राथामिकतामा रहेका देहायका योजनाहरु छनौट गरी पठाउने निर्णय गरीयो ।

तपसिल

| क.स. | योजनाको नाम | वडा नं. | रकम | घरधुरी |
|---|---|---|---|---|
| १ | एक घर एक धारा योजना | गुराँस १, माथिल्लो सेप्टी टोल | ५० लाख | ६० |
| २ | एक घर एक धारा योजना | गुराँस २, रयादे लम्चुडी हुदै काटियाँ टोल | ५० लाख | ८० |

निर्णय नं. १४ :

प्रस्ताव नं. १४ माथि छलफल गर्दा गुराँस गाउँपालिकाको निर्माण कार्य सम्बद्ध निर्माण व्यावसायिहरुको आ.व. २०८०।०८१ तथा सो भन्दा अघिल्ला आ.व. मा कट्टी गरीएको मुल्य अभिवृद्धि र अग्रीम आए करवापतको रकम कट्टी गरी दाखिला गर्न छुटेको निवेदन पेश भएकाले पुनः उक्त कर वापतको रकम दाखिला तथा भुक्तानीका लागि ७ दिने सूचना प्रकाशन गरी नियमानुसार रकम दाखिला एवं भुक्तानी दिने निर्णय गरीयो ।

निर्णय नं. १५ :

प्रस्ताव नं. १५ माथि छलफल गर्दा ११५ अन्तराष्ट्रिय श्रमीक महिला दिवस मनाउन गुराँस गाउँपालिकाको प्रतक्ष समन्वय र सहकार्यमा वडा स्तरीय महिला संजाल मार्फत स्थानिय भेष भुषा अधिकार र जन चेतनामुलक क्रियाकलाप सहितका अतिरिक्त कार्यक्रमहरु संचालन गरी कार्यक्रम संचालन गर्न सम्बन्धीत वडा कार्यालयलाई जिम्मादिने निर्णय गरीयो ।

टोप बहादुर बि.सी.
अध्यक्ष

दिल बहादुर घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. १६ :

प्रस्ताव नं. १६ माथि छलफल गर्दा गुराँस गाउँपालिकाको दैनिक प्रशासनिक कार्य संचालन गर्न देहायका पदहरु रिक्त भएकाले पद करार सेवामा पदपुर्ति गर्न सूचना प्रकाशन गर्ने निर्णय गरीयो ।

तपसिल

| क.स. | पद | तह | संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | उजुरी प्रशासक | सहायक पाचौ | १ | न्यायिक समिति र नमस्ते गुराँस, संचालन तथा गुनासो व्यवस्थापनको कार्य संचालनका लागि |
| २ | व्याकहो लोडर चालक | श्रेणी विहिन | १ | |
| ३ | ह्लुका सवारी चालक | श्रेणी विहिन | १ | |
| ४ | ईलेक्टीक सव इन्जिनियर | सहायक पाचौ | १ | |
| ५ | ल्याव असिस्टेन्ट | सहायक चौथो | १ | |

साथै तोकिएका कार्यक्रम शिर्षकहरुवाट तलब भत्ता भुक्तानी हुने गरी तोकिएका पदहरुको हकमा सोहि पद सम्बन्धी कार्यविधि ऐन निर्देशिकाले तोकिए बमोजिम तलब भत्ता भुक्तनी गर्ने एवं संघीय कार्यक्रम बमोजिम तोकिएका कार्यक्रमहरुमा साझेदारी हुने तोकिएको शिर्षकहरुमा बजेटको व्यवस्था गरी तलब भुक्तानी गर्ने गरी सेवा निरन्तरता दिने र सानाकाँडा र पिलाडी स्वास्थ्य चौकिको हकमा कर्मचारी व्यवस्थापनका गर्न स्वास्थ्य शाखाकाको आवश्यक पुष्ठ्याई सहितको सिफारीसका आधारमा आवश्यक देखिएमा औचित्यताको आधारमा करार सेवामा निरन्तरता दिने साथै गाउँपालिकाका शाखा र वडाका कर्मचारीहरुको व्यवस्थापनका लागि आवश्यकिय समन्वय गरी उपलब्ध कर्मचारीहरुवाट कार्य संचालन गराउने एवं वडा नं १, ३ र अध्यक्षज्यूको सचिवालयमा कार्यरत क्रमस महेन्द्र रावल, वखत बहादुर खत्री र पूर्ण वहादुर वलीको २०८१ श्रावणमा भएको म्यादथपको संझौतामा उल्लेख भए बमोजिमकै तलब रकम भुक्तानी दिन निर्देशन दिने निर्णय गरीयो ।

टोप बहादुर बि.सी.
अध्यक्ष

दिल बहादुर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. १७ :

प्रस्ताव नं. १७ माथि छलफल गर्दा दैलेख जिल्लाको जिल्ला स्तरीय गुरुयोजना निर्माणका लागि पालिक स्तरीय तपसिलका योजना छनौट गरी पठाउने निर्णय गरीयो ।

तपसिल:

दिल बहादुर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

टोप बहादुर वि.सी.
अध्यक्ष

| बिषयगत क्षेत्र | क्र.स. | आयोजना, योजना तथा कार्यक्रमको नाम : | संख्या | लागत करोड मा | सम्पन्न गर्न लाग्ने अवधि वर्ष १-५/१०/१५ | कार्यान्वयन गर्ने तह स्थानिय/ प्रदेश/सघ |
|---|---|---|---|---|---|---|
| स्वास्थ्य | १) | गुराँस आर्यूवेद अस्पतालन तथा जडिबुटि प्रशोधन केन्द्र स्थापना । | १ | ५ | २-५ वर्ष | प्रदेश सरकार |
| | २) | १५ शैया गुराँस अस्पताल गुराँस ४ रत्तीखोला निर्माण सम्पन्न । | १ | १५ | २ वर्ष | सघिय सरकार |
| | ३) | मापदण्ड बमोजिमका स्वास्थ्य तथा प्रशुती गृह निर्माण । | १० | १ | २ वर्ष | सघिय सरकार |
| शिक्षा | १) | गुराँस बहुमुखी क्याम्पस स्थापना तथा प्राविधिक शिक्षा क्याम्पस पुर्वाधार निर्माण । | १ | १० | ५ वर्ष | सघिय सरकार |
| | २) | वडाखेलकुद मैदान तथा कर्भड हल निर्माण । | १० | ५ | २ वर्ष | प्रदेश सरकार |
| | ३) | एकिकृत नमुना विद्यालय तथा विग विद्यालय निमार्ण | ४ | १० | ५ वर्ष | सघिय सरकार |
| खानेपानी तथा सरसफाई | १) | एक घर एकधारा कार्यक्रम | ३००० | २० | २ | स्थानिय/सघीय |
| | २) | पालिका स्तरिय ल्याण्डफिल्ड साईड तथा वडा स्तरिय डम्पिङ्ग साईड व्यवस्थापन । | १० | ५ | ५ | सघिय सरकार |
| | ३) | गुराँस गाँउपालिका वृहत खानेपानी तथा सिचाई योजना | १०० | ५ | ५ | सघिय सरकार |
| सार्बजनिक प्रशासन | १) | गुराँस गाँउपालिका सेवाग्राही मैत्री प्रशासकिय भवन निर्माण । | १ | २० | ३ | सघिय सरकार |
| | २) | असल शासन र प्रशासनिक अधिकारको समुचित प्रयोग कार्यक्रम । | २ | १ | २ | |
| | ३) | शासकिय प्रवन्ध तथा सेवा प्रवाह क्षमताविकास कार्यक्रम | १ | १ | १ | |
| कृषी | १) | गुराँस कृषी विकास तथा अनुसधान केन्द्र ( टिसु कल्चर ल्याव तथा जिन बैक संचालन ) | १ | ५ | २ वर्ष | प्रदेश सरकार |
| | २) | पालिका स्तरिय कोल्ड स्टोर तथा चिस्यान केन्द्र स्थापना । | २ | २ | २ वर्ष | प्रदेश सरकार |
| | ३) | पालिका स्तरिय सामुदायीक कृषी उपज सकलन तथा विक्रि केन्द्र स्थापना | २<br>२ | ४<br>२ | २ वर्ष | |
| पर्यटन | १) | गुराँस शाहशिक पर्यटन पुर्वाधार संरचना निर्माण । | ८ | १० | २ वर्ष | |
| | २) | गुराँस अतिथी तथा वहु उदेश्यीय सभा गृह निर्माण । | १ | १० | २ वर्ष | सघिय सरकार |
| | ३) | कृतिम बहुमुखि जलाशय, जलयातायात, तथा पैदलमार्ग निर्माण | १ | ५ | २ वर्ष | सघिय सरकार |
| उध्योग | १) | एक वडा एक उद्योग एव मिनी औद्योगिक क्षेत्र निमार्ण | ९ | २ | १० | |
| | २) | [illegible]गारीक तथा कम्पोष्ट मल उद्योग स्थापना | २ | २ | २ | |
| | ३) | कृषी उद्यम मा आधारीत पुर्ण स्व रोजगार कार्यक्रम संचालन । | १ | १० | २ | |

टोप बहादुर बि.सी.
अध्यक्ष

| | | | | | | |
|---|---|---|---|---|---|---|
| शहरी विकास | १) | गुराँस गाँउपालिका प्रशासकिय भवन निर्माण । | १ | २० | ३ | |
| | २) | गुराँसे -रानिमत्ता पालिकाकेन्द्र बजार क्षेत्र विकास कार्यक्रम | १ | १० | ३ | |
| | ३) | गाँउपालिका का वडा केन्द्र तथा मुख्य बजार क्षेत्र विकास कार्यक्रम | १२ | २० | ५ | |
| सडक तथा यातायात | १) | गुराँस गौरवमार्ग र राजमार्ग जोडने स्तर उन्नती तथा कालो पत्रे । | ८० कि | ५० | १० | |
| | २) | गुराँस गाँउ पालिका स्तरिय पर्यटन रिङरोड तथा अन्तर पालिका निर्माण सडक। | १२० | ५० | ५ | |
| | ३) | गुराँस गाँउ पालिका भरका कृषी तथा वडाकार्यालय जोडने सडक । | २० | ५० | ५ | |
| संचार तथा सूचना प्रबिधी | १) | डिजिटल गाँउ पालिका निर्माण तथा तैयारी । | १ | १ | १ | |
| | २) | पुर्ण डिजिटल प्रोफाईल समेतको ई पालिका कार्यक्रम । | १ | ५० | १ | |
| | ३) | गुराँस आईटी पार्क स्थापना तथा संचालन | २ | ३ | २ | |
| विध्युत | १) | गुराँस सामुदायीक विद्युत संचालन तथा व्यवस्थापन । | १ | ३ | २ | |
| | २) | पुर्ण विद्युतिकरण तथा सेवा विस्तार कार्यक्रम | १ | ५ | २ | |
| | ३) | विद्युत संरचना व्यवस्थापन तथा केवल वायर | १ | ५ | २ | |
| बन तथा वातावरण जलवायु परिवर्तन | १) | सामुदायीक आयमुलक कृषी बन तथा पर्यटन विकास कार्यक्रम | १ | ५ | २ वर्ष | |
| | २) | बन वातावरण तथा विपद व्यवस्थापन प्रतिकार्य सुदृढ पणाली | १ | २ | २ वर्ष | |
| | ३) | गुराँस पुर्ण सरसफाई तथा डम्पिङ साईड निर्माण एव व्यवस्थापन | २ | २ | २ वर्ष | |
| विपद | १ | तल्लो डुङ्गेश्वर लगाएत पालिकाभरका तटिय तथा भु-क्षय नियन्त्रण कार्यक्रम | १ | २५ | ५ वर्ष | |
| | २ | मर्मत तथा विपद व्यवस्थापन कोष स्थापना । | १ | २ | १ वर्ष | |
| | ३ | पालिका क्षेत्रको भुक्षय नियन्त्रण तथा तटवन्धन नियन्त्रण कार्यक्रम | २ | १० | ३ वर्ष | |

टोप बहादुर बि.सी.
अध्यक्ष

निर्णय नं. १८ :

प्रस्ताव नं. १८ माथि छलफल गर्दा गुराँस गाउँपालिकामा कार्य संचालन गर्ने गरी विभिन्न समयमा नियमानुसार ठेक्का तथा उपभोक्ता समिति मार्फत निर्माण जिम्मा पाएका निर्माण व्यावसायिहरुले तोकिएको समयमा निर्माण कार्य सम्पन्न नगरी योजना सम्पन्नमा ढिलासुस्ती गर्ने निर्माण उपभोक्ता समिति र ठेकेदारको विवरण सम्बन्धीत वडा कार्यालयले ७ दिन भित्र गाउपालिकामा उपलब्ध गराउने र सोहि आधारमा कारवाहि गर्न प्रक्रिया अगाडि वढाउने साथै उल्लेखित निर्माण व्यावसायि तथा उपभोक्ता समितिलाई थप कारवाहिका लागि जिल्ला प्रशासन कार्यालय दैलेखमा लेखि पठाउने निर्णय गरीयो ।

निर्णय नं. १९ :

प्रस्ताव नं. १९ माथि छलफल गर्दा गुराँस गाउँपालिकाका विभिन्न वडाहरुका विद्यालयहरुले फरक फरक समयमा योजना प्राप्त गरी संचालन गरीएका निर्माण कार्यहरु सम्पन्न नभई अधुरा रहेकाले उक्त निर्माण कार्य पुरा गर्न प्राप्त वडा कार्यालयहरुको सिफारीस सहितका निवेदन अनुसार सम्बन्धीत वडा प्राविधिकवाट कुल लागत स्टीमेटकाको आधारमा वाँकी कामको लगत तयार गरी तपसिलका योजनाहरुलाई प्राथमिकताका आधारमा निर्माण कार्य पुरा गर्न वजेट व्यवस्थापन गर्ने निर्णय गरीयो ।

तपसिल

१) दुर्गादेवि मा.वि. पुलिया ४ कोठे भवन गुराँस ३

२) भगवती मा.वि. सेप्टी ४ कोठे भवन गुराँस १

३) जय जनता मा.वि. बगौरा ४ कोठे भवन गुराँस ६

४) मालिका मा.वि. मकुटक ४ कोठे भवन गुराँस ८

५) कृषि क्याम्पस गुराँस ८

६) भैरव प्रा.वि. रानिवन २ कोठे भवन गुराँस २

७) गुराँस आ.वि.गुराँसे २ कोठे भवन गुराँस ५

टोप बहादुर बि.सी.
अध्यक्ष

निर्णय नं. २० :

प्रस्ताव नं. २० माथि छलफल गर्दा गुराँस गाउँपालिका र LISP विच साझेदारीमा संचलन हुनेगरी अघिल्लो गाउँ कार्यपालिकाको वैठक मार्फत छनौट गरीएका योजनाहरुमा निम्नानुसार शंशोधन गरी कार्यान्वयन गर्ने निर्णय गरीयो ।

तपसिल

| क.स. | भएको | हुनुपर्ने |
|---|---|---|
| १ | गाउंपालिका गेट र घेरावार निर्माण योजना | गाउँपालिका परीसर पहिरो नियन्त्रण तथा सुरक्षा वाल निर्माण योजना |
| २ | कालिका मा.वि. भवन निर्माण | गौरव मार्ग सडक स्तरउन्नती नाला निर्माण सहित । |
| ३ | दोवाटो पातिकाल्ला सडक स्तरउन्नती कार्य | दोवाटो देखि चुत्रेनि सम्म सडक स्तरउन्नती कार्य |

निर्णय नं. २१ :

प्रस्ताव नं. २१ माथि छलफल गर्दा गुराँस गाउँपालिकामा स्थानिय पूर्वाधार विकास आयोजना कार्यालय सुर्खेतवाट आ.व. २०८१।०८२ मा संचालन हुने **गुराँस गा.पा. गुराँसे देखि पातिकाल्ना वडा नं. २ हुदै कर्णाली राजमार्ग जोड्ने सडक स्तरउन्नती गुराँस गा.पा. दैलेख** कार्यक्रममा रु १ करोड विनियोजन भएको र सो कार्यक्रम अन्तरगत यस गाउँपालिकाको **गुराँस गा.पा. वडा नं. ३ चुत्रेनी देखि पालिकाल्ला सम्म सडक स्तरउन्नती** गर्न स्थानिय पूर्वाधार विकास आयोजना सुर्खेतमा सिफारीस गरी पठाउने निर्णय गरीयो ।

निर्णय नं. २२ विविध

प्रस्ताव नं. २२ को विविध क प्रस्ताव माथि छलफल गर्दा गुराँस गुराँस गाउँपालिकाको चालु आर्थिक वर्ष भन्दा अघिल्ला आर्थिक वर्षहरुमा भुक्तानी दिन बाँकी रहेका तपसिलका कार्यक्रमहरुको भुक्तानी दिन बाँकी रकम भुक्तानी दिने निर्णय गरीयो ।

तपसिल

टोप बहादुर वि.सी.
अध्यक्ष

तिलक बहादुर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

१) तमु हयुल छोज धी गुराँस ४ वाट जिल्लास्तरीय कार्यक्रम संचालगरी खर्च भुक्तानीका लागि माग भएको रकम रु १०००००। एक लाख मात्र ।

२) लालिकाँडा प्रहरी चौकीको घरभाडा वापतको अघिल्लो आ.व.को भुक्तानी दिन बाँकी रकम रु २५०००। पच्चीस हजार मात्र ।

३) काफलमेला माघी महोत्सव, सहुलियत खाध्यान्न ढुवानी लगाएतका भुक्तानी दिन बाँकिरहेको नियमानुसारका कागजात पेश हुन आएमा सो शिर्षकहरुमा तोकिएको रकम ।

प्रस्ताव नं. २२ को विविध ख प्रस्ताव माथि छलफल गर्दा गुराँस गुराँस गाउँपालिका वडा नं. ५ को वडा कार्यालयको भवनको तला थप गर्न खुल्ला जग्गा र स्थान व्यवस्थापन गरी उपयुक्त स्थानमा आगमी वर्ष रकमको व्यवस्थापन गरी प्राथमिकताका साथ निर्माण कार्य गर्ने निर्णय गरीयो ।

**प्रस्ताव नं. २२ को विविध ग** प्रस्ताव माथि छलफल गर्दा गुराँस गाउँपालिका वडा नं. ५ को गुराँसेको गुराँस आ.वि.को नवनिर्मित भवनको उद्घाटन कार्य ८ औं पालिका स्थापना दिवस २०८१ को अवसरमा यहि फागुन २७ गतेका कार्यक्रमका प्रमुख अतिथिमज्यूवाट उद्घाटन गराउने गरी सो सम्वन्धीको शिलालेख तथा सो सम्वन्धीका अन्य व्यवस्थापकिय कार्य गर्न शिक्षा तथा खेलकुद विकास शाखालाई जिम्मेवारी दिने निर्णय गरीयो ।

**प्रस्ताव नं. २२ को विविध घ** प्रस्ताव माथि छलफल गर्दा गुराँस गाउँपालिकाको निर्णय अनुसार यस अधिका वर्षहरुका विभिन्न समयमा प्रदान गरीएको पशु तथा कृषि फर्महरुको अनुदान रकमको उपयोगका सम्बन्धमा समिक्षा भयो, अनुदान रकम उपयोगका सम्वन्धमा संझौतामा उल्लेखि भए वमोजिम गर्न कार्यालयवाट पटक पटक पत्राचार भएकोमा रकम अशुली प्रक्रियामा ढिला सुस्ती भएकोले उल्लेखित रकम अशुलिका सम्बन्धमा प्रमुख प्रशासकिय अधिकृत मार्फत थप आवश्यक प्रकियाहरु अगाडी बढाउन निर्देशन दिने निर्णय गरीयो ।

**प्रस्ताव नं. २२ को विविध ङ** प्रस्ताव माथि छलफल गर्दा गुराँस गाउँपालिकाको ४५औं बैठकमा गाउँ कार्यपालिका सदस्य श्री खड्क बहादुर शाहीज्यूले राखेका १५ बुदे प्रस्ताव तथा सुझावका लागि धन्यवाद दिने र उक्त सुझावहरु कार्यालयको आर्थिक तथा कानुनि परीधिभित्र रहि कार्यान्वयन गर्ने निर्णय गरीयो ।

दीप बहादुर बि.सी.
अध्यक्ष

प्रस्ताव नं. २२ को विविध च प्रस्ताव माथि छलफल गर्दा कार्यालयको पूर्व स्वीकृति विना कार्यालयमा अनुपस्थित हुने कर्मचारीका कारण कार्यालयको दैनिक सेवा प्रवाहामा वाधा पुगेकाले सो सेवा प्रवाह प्रभावकारी रुपमा संचालन गर्ने सम्बन्धिको छलफल अनुसार यस्ता विदा स्वीकृत नगरी वारम्वार कार्यालय छोड्ने कर्मचारीहरुलाई स्पस्टीकरण सोधि नियमानुसार कारवाहीको प्रक्रिया अगाडी वढाने निर्णय पारीत गरीयो साथै विदा स्वीकृत गर्दा नियमानुसारका आवश्यक कागजातहरुको आधारमा सोव प्रवाहमा कुनै असर नपर्ने गरी विदा स्वीकृती गर्ने निर्देशन दिने निर्णय गरीयो ।

प्रस्ताव नं. २२ को विविध छ प्रस्ताव माथि छलफल गर्दा गुर्रांस गाउँपालिकाकाको पातिकाल्ना सिकाई केन्द्रको स्वामित्वमा रहेको सूचना केन्द्र हाल संचालनमा नरहेकोले उक्त सूचना केन्द्र तथा सामुदायिक सिकाई केन्द्र संचालन तथा व्यवस्थापन गर्न सरस्वती मा.वि. पातिकाल्नालाई जिम्मेवारी दिने सम्वन्धीको आवश्यकीय व्यवस्थापन गर्न शिक्षा तथा खेलकुद विकास शाखालाई निर्देशन दिने निर्णय गरीयो ।

प्रस्ताव नं. २२ को विविध ज प्रस्ताव माथि छलफल गर्दा गुर्रांस गाउँपालिकाको वडा नं. ७ ओखेनी अन्य वडाका विभिन्न स्थानहरुमा विद्युतिकरण कार्य वाँकि रहि विधुत सेवा विस्तार गर्न नसकियकाले उल्लेखित काम वाँकी रहेका स्थानहरुमा सामुदायिक विद्युतिकण मार्फत विद्युत लाईन विस्तार गरी सेवा प्रदान गर्ने कार्य गर्न गुर्रांस गाउँपलिकाले नेपाल विद्युत प्रधिकरण लाई प्रदान गरिने सेवा विस्तार वापतको रकमको प्रतिवद्धता पेश गरी कार्य प्रक्रिया अगाडि वढाउने निर्णय गरीयो ।

प्रस्ताव नं. २२ को विविध झ प्रस्ताव माथि छलफल गर्दा गुर्रांस गाउँपालिकाको पशुपक्षि तथा कृषि विकास शाखामा रहेका कर्मचारीवाट फिल्ड स्तरको काम प्रभावकारी रुपमा सम्पादन नभएको तथा सेवा केन्द्रको व्यवस्थापन नभएको भन्ने विषयको छलफल अनुसार गुर्रांस गउँपालिकाको वडा ३ को पातिकाल्नामा पशुअस्पताल सहितको सेवा संचानल हुने गरी र वडा नं ६ को भ्यूचुलामा रहेको झ्याजे भ्यूचुला खानेपानीको भवनमा सेवाकेन्द्र रहने गरी आवश्यकीय कार्यालय व्यवस्थापन र कर्मचारी व्यवस्थापन गरी पशु तथा कृषि सम्वन्धीको सेवा प्रवाहलाई प्रभावकारी वनाउने निर्णय गरीयो साथै सेवाकेन्द्र मर्मत र रंग रोगनका लागि सम्वन्धीत वडावाट अनुमानित लागत तयार गरी पेश गर्ने र सोहि अनुसार कार्य संचालन गर्ने निर्णय गरीयो ।

टोप बहादुर वि.सी.
अध्यक्ष

दिल बहादुर गौतम
प्रमुख प्रशासकीय अधिकृत